बैठक संख्या- ७४

मिति: २०७९।०३।०६

प्रस्तावहरु:

१. बिगतको निर्णय र योजना तथा कार्यक्रम कार्यान्वयनको समिक्षा सम्बन्धमा।

२. आ.व.०७९/८० को नीति तथा कार्यक्रम सम्बन्धमा।

३. आ.व. ०७९/८० को आर्थिक विधेयक सम्बन्धमा।

४. विविध।

निर्णयहरु:

निर्णय नं. १- आ.व. २०७८/७९ का योजना तथा कार्यक्रम कार्यान्वयनको अवस्था र गत कार्यपालिकाका निर्णयहरु कार्यान्वयनको समिक्षा गरीयो।

निर्णय नं.२- पुतलीबजार नगरपालिकाको आर्थिक वर्ष २०७९/८० को नीति तथा कार्यक्रम सम्बन्धमा छलफल गरि नगरसभामा प्रस्तुत गर्न स्विकृति प्रदान गर्ने निर्णय गरियो।

निर्णय नं.३- पुतलीबजार नगरपालिकाको आर्थिक वर्ष २०७९/८० को आर्थिक बिधेयक २०७९ माथि छलफल गरि नगरसभामा प्रस्तुत गर्न स्विकृति प्रदान गर्ने निर्णय गरियो।

निर्णय नं. ४-बिबिध प्रस्ताबहरुमा छलफल गरी देहायअनुसार निणय गरियो।

क. "नेपाल सरकारको नीति तथा कार्यक्रम बमोजिम प्रत्येक स्थानीय तहमा प्राविधिक शिक्षाको पहुँच र विस्तार गर्न नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७४।१०।११ को निर्णय बमोजिम प्राविधिक शिक्षा तथा व्यवसायिक तालीम परिषद अन्तर्गत आंगिक शिक्षालयको रुपमा पुतलीबजार नगरपालिका क्षेत्रभित्र बहुप्राविधिक शिक्षालय स्थापना गर्न सहमती प्रदान भएको र नगर कार्यपालिकाको मिति २०७८।०५।३१ को वैठकवाट पुतलीबजार नगरपालिका वडा नं. ३ कित्ता नं. ८७० को ४६ रोपनी क्षेत्रलको गौचरण जग्गा तथा सोहि वडाको कित्ता नं. ३१७ को २२५ रोपनी क्षेत्रफलको जग्गा मध्ये चितिकुना क्षेत्र र बरसारे क्षेत्रको जग्गा प्रयोगका लागि उपलब्ध गराउने निर्णय भएकोमा उक्त जग्गा दैवी प्रकोप व्यवस्थापनका लागि निर्धारण गरेको जग्गामा नपर्ने भनि नगर विपद् व्यवस्थापन समितिबाट समेत निर्णय भई आएको हुँदा सोहि व्यहोरा "सार्वजनिक प्रकृतिको जग्गा प्रयोग गर्न उपलब्ध गराउने सम्बन्धी मापदण्ड २०७७" बमोजिम सिफारिस गर्ने" भन्ने पुतलीबजार नगर कार्यपालिकाको मिति २०७८।१२।२४ को निर्णय भई प्रकृया अगाडी बढाईएको हुँदा सोही बमोजिम जग्गा व्यवस्थापन गरी बहुप्राबिधिक शिक्षालय स्थापना गरी संचालनका लागि सम्बन्धित निकायहरुमा पहल गर्ने ।

२०७९।३।६ ३।६

ख. पुतलीबजार नगर कार्यपालिकाको मिति २०७८।१०।१४ को बैठकबाट पत्रकार महासंघ शाखा स्याङ्जाको मिति २०७८।१०।१४ को पत्रानुसार त्यस नगर कार्यपालिकाको मिति २०७६।४।१० को निर्णयानुसार यस महासंघलाई भवन निर्माण गर्नको लागि पुतलीबजार नगरपालिका वडा नं. १ स्थित साविक स्याङ्जा पुतलीबजार ९ को कित्ता नं. १७९१ को ३-९-३-३ जग्गा मध्ये ०-१-३-२ जग्गा उपलब्ध गराईएकोमा उक्त जग्गा भवन निर्माण गर्न नपुग हुने भएकोले थप ०-३-०-० जग्गा उपलब्ध गराईदिन अनुरोध भइ आएकोले सोही कित्ताबाट यस अगाडि उपलब्ध गराईएको जग्गासंगै जोडीएको क्षेत्रबाट जग्गाको स्वामित्व नगरपालिका कै रहने गरी ०-२-०-२ जग्गा उपलब्ध गराउने भन्ने निर्णय भएकोमा उक्त ०-४-०-० रोपनी जग्गा १० वर्षका लागि वार्षिक रु. ६०० भाडा लिने गरी भवन निर्माण गरी प्रयोग गर्न लिजमा दिन नगर कार्यपालिकाको कार्यालयलाई स्विकृति दिने।

ग. पुतलीबजार नगरपालिकाको वन वातावरण तथा विपद् व्यवस्थापन समितिको मिति २०७९।३।५ को वैठकबाट राहत रकम वितरणका लागि गरेको सिफारिस बमोजिम हुने गरी विपद् व्यवस्थापन कोषबाट राहत वितरण गर्न स्वकृति दिने।

घ. विपन्न नागरिक औषधी उपचार तथा स्वास्थ्य बीमा अनुदान शिर्षकमा विनियोजित बजेटबाट देहायका विरामीहरुलाई उपचार खर्च अनुदान दिने।

१.	जौमाया थापा वडा नं. ९, चत्याङ्ले घईते भएको	रु. ५०००
२.	कुमार नेपाली वडा नं. ४ पेटको दिर्घ रोगी	रु.४०००
३.	ओल बहादुर कार्की वडा नं. ६ दम रोगी	रु. ४०००
४.	खगु भण्डारी वडा नं. १४ टाउको रोगी	रु. ५०००
५.	धन बहादुर वि.क. वडा नं. १४ मुख र जिभ्रो रोगी	रु. ४०००
६.	सुक माया गुरुङ वडा नं. १० रुखबाट खसी कम्मर खुस्केको	रु. ५०००
७.	काले कामी वडा नं. ५ मृगौला र मुटु रोगी	रु. ५०००

ङ. **PLGSP** कार्यक्रमको सहयोगमा परामर्शदाता संस्थाबाट निर्माण भएको पुतलीबजार नगरपालिकाको आन्तरिक राजस्व सुधार कार्ययोजना, लैङ्गीक समानता तथा सामाजिक समावेशीकरण रणनीति र क्षमता विकास योजनाको ड्राफ्ट प्रतिवेदनमा छलफल गरेपश्चात प्राप्त अन्तिम प्रतिवेदन स्विकृत गर्ने।

२०७३।३।१४

३।६